# छेडागाड नगरपालिकाको विनियोजन विधेयक, २०८१

**छेडागाड नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

कार्कीगाउँ, जाजरकोट

कर्णाली प्रदेश, नेपाल ।

छेडागाड नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

सभाबाट स्वीकृत मितिः २०८१ असार १० गते

**प्रस्तावनाः** छेडागाड नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम छेडागाड नगरसभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "छेडागाड नगरपालिकाको विनियोजन विधेयक, २०८१" रहेको छ।

(२) यो विधेयक पारित भए पश्चात ऐनको रुपमा तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.८१,१९,६५,९०३।- (अक्षरुपीः एकासि करोड उन्निस लाख पैसठ्ठि हजार नौ सय तिन मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त छेडागाड नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च

शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची—१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. ८१,१९,६५,९०३।-

(अक्षरुपी: एकासि करोड उन्निस लाख पैंसठ्ठि हजार नौ सय तिन मात्र)

छेडागाड नगरपालिकाको नगर सभा कार्य संचालन नियमावली २०७४ को नियम १४१ उपनियम १ र २ बमोजिम यो छेडागाड नगरपालिकाको सोह्रौ (आठौं बजेट अधिवेशन) नगरसभाको बैठकमा प्रस्तुत भई पारित भएको विनियोजन विधेयक २०८१ प्रमाणित गर्दछु।

नाम: रत्न बहादुर खड्का
पद: सभा अध्यक्ष
दस्तखत:
मिति:२०८१/०३/१२
पृष्ठ संख्या: ४